धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०३ ◆ २०८३ कात्तिक १२ बिहीबार ◆ Thursday, October 29, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## परराष्ट्रमन्त्री खनालसँग फ्रान्सका नवनियुक्त राजदूत पुइगिन्जाको भेट

❑ *प्रत्यूष समाचारदाता*



काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि फ्रान्सकी नवनियुक्त राजदूत फ्रंन्स्वाज पुइगिन्जाले शिष्टाचार भेट गर्नुभएको छ ।

बुधबार भएको उक्त भेटवार्तामा मन्त्री खनालले राजदूत पुइगिन्जालाई नियुक्तिका लागि बधाई दिँदै उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको मन्त्रालयले जनाएको छ। भेटवार्तामा नेपाल-फ्रान्सबीच आपसी हितका विभिन्न विषयमा छलफल भएको थियो। सो अवसरमा हवाई सेवा, जलवायु परिवर्तन, वैज्ञानिक अनुसन्धान तथा बहुपक्षीय सहकार्यलगायतका क्षेत्रमा दुई देशबीच सहयोग अभिवृद्धि गर्ने विषयमा कुराकानी भएको थियो ।

## बूढीगण्डकीमा लगानी जुटाउन पहल गर्न सभामुखको आग्रह

❑ *प्रत्यूष समाचारदाता*

धादिङ । सभामुख डोलप्रसाद अर्यालले बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि लगानी जुटाउन पहल गर्न अन्तर्राष्ट्रिय धादिङ समाजलाई आग्रह गर्नुभएको छ ।

समाजका नवनिर्वाचित अध्यक्ष बद्री खतिवडा र निवर्तमान अध्यक्ष राजन खकुरालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग बुधबार भएको भेटमा उहाँले विदेशमा रहेका धादिङेलीको पुँजी, सीप र अनुभवलाई जिल्लाको विकाससँग जोड्नुपर्ने बताउनुभयो । राष्ट्रिय गौरवको बूढीगण्डकी आयोजना अघि बढाउने विषयमा सरकार गम्भीर रहेको उहाँको भनाइ थियो। सभामुख अर्याल र धादिङ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य बोधनारायण श्रेष्ठसँगको भेटमा जिल्लामा लगानी भित्र्याउने सम्भावना, कृषि तथा पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासका विषयमा छलफल भएको थियो ।

भेटमा भोटेकोशीको बाढीले त्रिशूली नदीमा रहेका पुलमा पुऱ्याएको क्षति र तिनको पुनर्निर्माणबारे समेत कुराकानी भएको थियो । सभामुख अर्यालले क्षतिग्रस्त पुल पुनर्निर्माणप्रति सरकार गम्भीर रहेको र निर्माण प्रक्रिया अघि बढाइएको बताउनुभयो ।



छलफलमा जिल्लामा लगानीमैत्री वातावरण निर्माण गर्दै कृषि, पर्यटन, पूर्वाधार तथा रोजगारी सिर्जनाका क्षेत्रमा सहकार्य गर्नुपर्नेमा जोड दिइएको थियो । स्वदेश तथा विदेशमा रहेका धादिङेलीको पुँजी र अनुभव परिचालन गर्न सरकार, स्थानीय तह, निजी क्षेत्र र समाजबीच समन्वय गर्ने विषयमा पनि विचारविमर्श भएको थियो ।

भेटमा समाजका उपाध्यक्ष, सचिव, कोषाध्यक्षलगायत पदाधिकारी सहभागी हुनुहुन्थ्यो । समाजको चौथो महाधिवेशनबाट खतिवडाको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको हो । अन्तर्राष्ट्रिय धादिङ समाजले विदेशमा रहेका धादिङेलीहरूलाई आफ्नो जन्मभूमिको विकाससँग जोड्ने, जिल्लामा लगानीका अवसर खोज्ने र कृषि, पर्यटन तथा पूर्वाधारका क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यसहित विभिन्न पहल गर्दै आएको समाजका अध्यक्ष खतिवडाले जानकारी दिनुभयो ।

## अनुशासित ढंगले अगाडि बढ्दा कार्यकर्तामा उत्साह भर्न सकिन्छः ओली

काठमाठौँ । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीको सही नीति र विचारका आधारमा एकताबद्ध तथा अनुशासित ढङ्गले अगाडि बढ्दामात्र कार्यकर्तामा उत्साह भर्न र जनतामा आकर्षण फर्काउन सकिने बताउनु भएको छ ।

पार्टीको केन्द्रीय सदस्यमा मनोनीत तीन सदस्यलाई बुधबार पार्टी केन्द्रीय कार्यालय, च्यासलमा शपथ ग्रहण गराउनुहुँदै अध्यक्ष ओलीले जनतामा आकर्षण फर्काउन लाग्न निर्देशन दिनुभयो। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरु इस्तियाक राई, इन्दु कडरिया विष्ट र पुष्पा केसी भण्डारीले पद तथा गोपनीयता को शपथ ग्रहण गर्नुभएको थियो । कार्यक्रम महासचिव शङ्कर पोखरेल, उप महासचिव योगेश भट्टराई, सचिव भानुभक्त ढकाल, नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानका अध्यक्ष विष्णु रिमाल, केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बालगायतको उपस्थिति थियो ।

## स्वीप अपरेसनमा ९२ जना पक्राउ

काठमाडौँ । काठमाडौँ उपत्यकामा आपराधिक गतिविधि नियन्त्रण तथा शान्ति सुरक्षा सुदृढ बनाउने उद्देश्यले प्रहरीले सञ्चालन गरेको विशेष 'स्वीप अपरेसन' का क्रममा अपराध कर्ममा संलग्न ९२ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार गत २४ घण्टामा जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष सुरक्षा अभियानका क्रममा उनीहरूलाई पक्राउ गरिएको हो । प्रहरीले सार्वजनिक स्थल, यातायातका साधन, सरकारी कार्यालय आसपास तथा बढी भीडभाड हुने क्षेत्रलाई लक्षित गरी अभियान सञ्चालन गरेको जनाएको छ ।

परिसरका अनुसार पक्राउ परेकामध्ये ८४ जना पुरुष र आठ जना महिला छन्। पक्राउ परेकामा विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको आशङ्का गरिएका व्यक्तिदेखि अदालतबाट दोषी ठहर भई फरार रहेका कसुरदारसमेत छन्। जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले समाजमा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गरी सम्भावित आपराधिक गतिविधि रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले स्वीप अपरेसन सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार नागरिकको बढी आवतजावत हुने सार्वजनिकस्थल, सार्वजनिक यातायातका साधन, सरकारी तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय आसपासका क्षेत्र र भीडभाड हुने स्थानमा प्रहरीले निगरानी तथा जाँचलाई तीव्र बनाएको हो । प्रहरीले विशेषगरी सार्वजनिकस्थल तथा यातायातका साधनमा सेवाग्राही र सर्वसाधारण माथि हातपात गर्ने, होहल्ला तथा हुलहुज्जत गर्ने, दुर्व्यवहार गर्ने, चोरी तथा लुटपाटमा संलग्न हुने, बिचौलियाको गतिविधि सञ्चालन गर्ने र गुण्डागर्दी गर्ने व्यक्तिहरूलाई लक्षित गरी अभियान सञ्चालन गरेको जनाएको छ ।

विशेष स्वीप अपरेसनका क्रममा विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई दण्ड तथा सजाय तोकिएका १३ जना फरार कसुरदार समेत पक्राउ परेका छन्। प्रहरीका अनुसार स्वीप अपरेसनको उद्देश्य शङ्कास्पद गतिविधिमाथि निगरानी बढाउनेमात्र नभई सार्वजनिक स्थलमा हुने आपराधिक गतिविधि नियन्त्रण, फरार प्रतिवादी तथा कसुरदारको खोजी र सर्वसाधारणलाई सुरक्षित वातावरणमा दैनिक गतिविधि सञ्चालन गर्ने अवस्था सिर्जना गर्नु रहेको छ ।

## भक्तपुरमा आज रोटरी पुस्तक प्रदर्शनी

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । पठन संस्कृतिको प्रवर्द्धन तथा विद्यार्थीमा अध्ययन गर्ने बानीको विकास गर्ने उद्देश्यले भक्तपुरमा 'रोटरी पुस्तक प्रदर्शनी, २०८३' आयोजना हुने भएको छ।

रोटरी क्लब अफ भक्तपुरको आयोजनामा आज देखि १४ गतेसम्म भक्तपुर दरबार स्क्वायरस्थित विद्यार्थी निकेतन माध्यमिक विद्यालयको प्राङ्गणमा तीनदिने पुस्तक प्रदर्शनी सञ्चालन हुने भएको हो । प्रदर्शनी प्रत्येक दिन बिहान १०:०० बजेदेखि साँझ ६:०० बजेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

प्रदर्शनीमा विभिन्न विधा तथा भाषाका पुस्तकका कक्ष राखिने छन् । साथै, पुस्तक विमोचन, साहित्य वाचन, लेखकसँग अन्तरक्रिया, चित्रकला प्रतियोगिता, प्यानल छलफल लगायतका कार्यक्रम आयोजना गरिनेछन्। प्रदर्शनीमा परम्परागत नेवारी परिकारका कक्षसमेत रहनेछन् । रोटरी क्लब अफ भक्तपुरका अध्यक्ष दशरथ प्रजापतिका अनुसार पुस्तक प्रदर्शनीको उद्देश्य पुस्तकको प्रदर्शनी र बिक्रीमा मात्र सीमित नभई विद्यार्थी तथा युवा पुस्तामा पठन संस्कृतिको विकास गर्नु र पुस्तकप्रतिको रुचि बढाउनु पनि हो। "प्रविधिको बढ्दो प्रयोगसँगै नयाँ पुस्ताको पठन बानीमा परिवर्तन आइरहेको छ । यस्तो अवस्थामा विद्यार्थी तथा युवालाई पुस्तकसँग जोड्नु र नियमित अध्ययनप्रति आकर्षित गर्नु आवश्यक छ। यही उद्देश्यका साथ हामीले पुस्तक प्रदर्शनी आयोजना गरेका हौँ," अध्यक्ष प्रजापतिले भन्नुभयो ।

रोटरी इन्टरनेशनल डस्ट्रिक्ट ३२९२ का डस्ट्रिक्ट गभर्नर रोटरयिन विष्णुबहादुर कार्कीले पुस्तक प्रदर्शनीलाई लेखक, पाठक, विद्यार्थी तथा साहित्यप्रेमीबीच विचार आदानप्रदान गर्ने साझा मञ्चका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो। साथै, पुस्तक प्रदर्शनीले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई साहित्यिक गतिविधिसँग जोड्न समेत सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो। "भक्तपुर कला, संस्कृति र सम्पदाका लागि परिचित सहर हो । अब यसलाई अध्ययन, साहित्य र बौद्धिक संवादको केन्द्रका रूपमा पनि थप प्रवर्द्धन गर्न चाहन्छौँ । पुस्तक प्रदर्शनीले बालबालिका, विद्यार्थी, अभिभावक र साहित्यप्रेमी लाई एउटै थलोमा जोड्ने विश्वास लिएका छौँ," अध्यक्ष प्रजापतिले भन्नुभयो । प्रदर्शनीमा विभिन्न विद्यालय, कलेज, पुस्तकालय, शिक्षक, विद्यार्थी तथा साहित्यकारको सहभागिता रहने आयोजकले जनाएको छ। पुस्तक प्रदर्शनीमार्फत नयाँ पुस्तालाई पठनपाठनप्रति आकर्षित गर्नुका साथै साहित्यिक तथा सांस्कृतिक गतिविधिलाई प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ ।

## बालबालिका, गर्भवती र सुत्केरीले इनर्जी ड्रिंक्स सेवन गर्न नहुने

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बालबालिका, गर्भवती तथा सुत्केरी महिला, मधुमेह लगायतका रोग भएका व्यक्ति र क्यापिफनप्रति संवेदनशील व्यक्ति लाई इनर्जी ड्रिङ्क्स सेवन नगर्न आग्रह गरेको छ ।

विभागले इनर्जी ड्रिङ्क्सको सुरक्षित उपभोगबारे उपभोक्ता, उत्पादक तथा सरोकारवालालाई जानकारी गराउँदै यस्तो आग्रह गरेको हो। विभागले इनर्जी ड्रिङ्क्स सेवन गर्न मिल्ने व्यक्तिलाई समेत एक दिनमा दुई क्यानभन्दा बढी सेवन नगर्न सुझाव दिएको छ । विभागका अनुसार नेपालमा हाल १७ वटा उद्योगले सम्बन्धित निकायबाट अनुमति लिएर इनर्जी ड्रिङ्क्स उत्पादन तथा बिक्रीवितरण गरिरहेका छन्। उत्पादनको लेबल विवरण र प्रयोगशाला विश्लेषण प्रतिवेदनअनुसार प्रतिक्यान १०० मिलिग्राम क्याफिन प्रयोग गरिएको पाइएको छ। युरोपेली खाद्य सुरक्षा प्राधिकरण (इएफएसए) र अमेरिकी खाद्य तथा औषधि प्रशासन (युएसएफडीए) लगायतका संस्थाले स्वस्थ वयस्कका लागि सबै खाद्य तथा पेय पदार्थबाट प्राप्त हुने कुल क्याफिनको मात्रा दैनिक ४०० मिलिग्रामभन्दा बढी नहुने गरी सेवन गर्न सकिने वैज्ञानिक आधार प्रस्तुत गरेका छन् । नेपालमा उत्पादित इनर्जी ड्रिङ्क्समा प्रयोग गरिएको क्याफिनको मात्रा उक्त दैनिक सीमाको २५ प्रतिशत भन्दा कम रहेको जनाएको छ। विभागले इनर्जी ड्रिङ्क्सलाई पानी, जुस, दूध, मोहीलगायतका पौष्टिक पेय पदार्थको विकल्पका रूपमा प्रयोग नगर्न र अन्य पेय पदार्थमा मिसाएर सेवन नगर्न अनुरोध गरेको छ ।

**बिमा पोलीसी हराएको सुचना**

सूचना प्रकाशित मिति २०८३।०७।१२

मेरो निम्न ब्यहोराको एशियन लाईफ ईन्स्योरेन्स कम्पनीको बिमा पोलिसी तथा फाईल मिति २०८२ साल मंसिर ०३ गते गाडीमा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तपशिल नम्वरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : धन ब.मगर
**ठेगाना** : नीलकण्ठ.न.पा.७, धादिङ
**पोलिसी न** : ०९३२३००१२६९
**फोन न** : ९८०३१६९०९१

सम्पादकीय ....

# स्वास्थ्य क्षेत्र सतर्क रहनुपर्ने

स्वास्थ्य मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। स्वस्थ नागरिक नै समृद्ध राष्ट्र निर्माणका आधार हुन्। नागरिकको स्वास्थ्य अवस्था राम्रो भएमा मात्र देशको आर्थिक, सामाजिक तथा शैक्षिक विकासले गति लिन सक्छ। तर पछिल्लो समय विभिन्न रोगको जोखिम, बदलिँदो वातावरण, प्रदूषण, अस्वस्थ खानपान तथा स्वास्थ्य सेवामा देखिएका चुनौतीका कारण स्वास्थ्य क्षेत्रमा उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकता बढ्दै गएको छ।

वर्तमान समयमा सरुवा रोग तथा नसर्ने रोग दुवै जनस्वास्थ्यका प्रमुख चुनौती बनेका छन्। डेंगी, झाडापखाला, हैजा, मौसमी रुघाखोकीजस्ता रोगले बेलाबेलामा जनजीवन प्रभावित पार्ने गरेका छन्। त्यसैगरी उच्च रक्तचाप, मधुमेह, मुटुरोग तथा क्यान्सरजस्ता नसर्ने रोग पनि बढ्दो चिन्ताको विषय बनेका छन्। जलवायु परिवर्तन, अव्यवस्थित सहरीकरण, फोहोरमैला व्यवस्थापनमा कमजोरी र दूषित पानीका कारण विभिन्न रोग फैलिने जोखिमसमेत बढ्न सक्छ।

स्वास्थ्य क्षेत्रमा सतर्कता अपनाउनु भनेको रोग लागेपछि उपचार गर्नु मात्र होइन, रोग लाग्न नदिन आवश्यक सावधानी अपनाउनु पनि हो। स्वच्छ खानेपानीको व्यवस्था, व्यक्तिगत सरसफाइ, पौष्टिक खानपान, नियमित व्यायाम र समयमै स्वास्थ्य परीक्षणले धेरै रोगबाट बच्न सहयोग पुर्‍याउँछ। घरवरपर पानी जम्न नदिने, फोहोरको उचित व्यवस्थापन गर्ने तथा लामखुट्टेको वृद्धि रोक्ने कार्यमा प्रत्येक नागरिक सचेत हुनुपर्छ।

यसका साथै सरकारले स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि, आवश्यक औषधिको उपलब्धता, दक्ष स्वास्थ्यकर्मीको व्यवस्था र प्रभावकारी रोग निगरानी प्रणालीमा विशेष ध्यान दिनुपर्छ। दुर्गम क्षेत्रका नागरिकले समेत सहज रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नु आवश्यक छ। कुनै रोगको प्रकोप देखिएमा त्यसको पहिचान, नियन्त्रण र उपचारका लागि सम्बन्धित निकायबीच प्रभावकारी समन्वय हुनुपर्छ।

सामाजिक सञ्जालमा फैलिने अप्रमाणित स्वास्थ्यसम्बन्धी सूचना पनि अर्को चुनौती हो। गलत औषधि सेवन, चिकित्सकको सल्लाहबिना औषधि प्रयोग तथा अन्धविश्वासका कारण स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ। त्यसैले नागरिकले आधिकारिक स्वास्थ्य निकायबाट प्राप्त सूचनामा विश्वास गर्नुपर्छ र आवश्यक पर्दा स्वास्थ्यकर्मीसँग परामर्श लिनुपर्छ।

स्वास्थ्य सुरक्षामा नागरिक, परिवार, समुदाय, स्थानीय तह, प्रदेश तथा संघीय सरकार सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ। स्वस्थ नागरिक, सक्षम स्वास्थ्य प्रणाली र सचेत समाज नै समुन्नत राष्ट्रका आधार हुन्। सम्भावित रोगको जोखिमलाई समयमै पहिचान गरी रोकथामका उपाय अपनाउनु आजको आवश्यकता हो। स्वास्थ्य क्षेत्रमा देखिने चुनौतीलाई सामान्य रूपमा नलिई सबै पक्षले उच्च सतर्कता अपनाउनुपर्छ। "रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम हो" भन्ने मान्यतालाई व्यवहारमा उतार्न सकेमा मात्र स्वस्थ, सुरक्षित र समृद्ध नेपालको निर्माण गर्न सकिन्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# कालीगण्डकीको बाढी-विपद् कि मानवीय लापरबाही ?

सन्तोष गौतम

असोज दोस्रो साताको अविरल वर्षापछि कालीगण्डकी नदीमा आएको भीषण बाढी र पहिरोले म्याग्दीसहित पर्वत, बागलुङ र मुस्ताङको जनजीवन अस्तव्यस्त बनायो। नदी किनारका बस्ती, सडक, पुल, विद्युत् आयोजना र खेतीयोग्य जमिनमा ठूलो क्षति पुग्यो। कतिपय बस्ती उजाडिए भने सयौं परिवार विस्थापित भए। वर्षौं लगाएर निर्माण गरिएका पूर्वाधार क्षणभरमै क्षतविक्षत बने।

यो विपत्ति प्राकृतिक घटनाको परिणाम मात्र थियो कि प्रकृतिमाथिको मानवीय हस्तक्षेप र लापरबाहीले क्षति थप बढायो ? कालीगण्डकीको बाढीपछि यो प्रश्न गम्भीर रूपमा उठेको छ।

"पहिले धेरै दिनसम्म पर्ने झरी पछिल्लो समय जलवायु परिवर्तनका कारण एक-दुई दिनमै सीमित हुने तर वर्षाको मात्रा बढी हुने गरेको छ", उहाँले भन्नुभयो, "मनसुन बाहिरिँदै गर्दा भएको अस्वाभाविक वर्षा मात्र बाढीपहिरोको कारण होइन।" मिश्रका अनुसार ग्रामीण सडकमा भलपानीको उचित व्यवस्थापन नहुनु, निर्माणका क्रममा निस्कने माटो सुरक्षित स्थानमा नराख्नु र मापदण्डभन्दा बढी नदीजन्य पदार्थ उत्खनन गर्नुले प्राकृतिक जोखिमलाई थप बढाएको छ।

जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कअनुसार गत असोज ८ देखि ११ गतेसम्म म्याग्दीका विभिन्न वर्षामापन केन्द्रमा अत्यधिक वर्षा भएको थियो। सदरमुकाम बेनीमा २९९ मिलिमिटर, रघुगङ्गा गाउँपालिका-१ बेगमा २५१.७ मिलिमिटर र अन्नपूर्ण गाउँपालिका-६ रातोपानीमा २३६ मिलिमिटर वर्षा मापन भएको थियो। रातोपानीमा असोज १० गते ९६.६ मिलिमिटर र ११ गते एकै रात ११४.६ मिलिमिटर वर्षा भएको थियो। मुस्ताङको लेतेमा ८७.५ मिलिमिटर, मार्फामा ९७ मिलिमिटर र जोमसोममा ५८.६ मिलिमिटर वर्षा मापन भएको थियो। मनसुन बाहिरिने समय नजिकिँदै गर्दा परेको अस्वाभाविक वर्षाले पहाडी भूभागमा पहिरो र नदीमा बाढीको जोखिम बढाएको हो।

### मानवीय क्षति र विस्थापन

बाढीपहिरोका कारण म्याग्दीमा सात जनाको मृत्यु भएको छ भने दुई जना बेपत्ता छन्। सडक, खानेपानी, नदी नियन्त्रण, विद्युत्, सञ्चार, सिँचाइ र निजी सम्पत्तिमा अर्बौं रुपैयाँ बराबरको क्षति भएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो। "जिल्लाभर १११ घर पूर्ण रूपमा क्षति भई परिवार विस्थापित भएका छन्", उहाँले भन्नुभयो, "९३ घरमा आंशिक क्षति पुगेको छ भने ३४२ घर पहिरोको उच्च जोखिममा छन्।" क्षतिको विवरण सङ्कलन पूरा हुँदा क्षतिको मात्रा अझ बढ्नसक्ने उहाँले बताउनुभयो। सावधानी र पूर्वतयारीका कारण मानवीय क्षति तुलनात्मक रूपमा कम भए पनि भौतिक पूर्वाधारमा ठूलो क्षति भएको प्रहरी नायब उपरीक्षक राजन कार्कीको भनाइ छ।

अन्नपूर्ण गाउँपालिकाका पाउद्वार, गिवाङ, झारवाङ, किन्दु, धस्केखर र महभीरलगायत बस्तीका दुई सय ५० जनाभन्दा बढी विस्थापित भएका छन्। मनसुन कमजोर भएपछि उनीहरू आश्रय स्थलबाट आफन्तका खाली घर खोजेर बस्न थालेका छन्। पहिरोका कारण चिराचिरा परेका पहाड र जोखिमयुक्त बस्तीमा बसोबास गर्ने स्थानीयवासी भने भूगर्भविद्को स्थलगत अध्ययन र सुझावको प्रतीक्षामा छन्। विस्थापित परिवारका लागि तत्काल बसोबासको व्यवस्था गर्नुका साथै जोखिमयुक्त बस्तीको दीर्घकालीन व्यवस्थापन चुनौती बनेको छ। बाढीपहिरोबाट प्रभावित परिवारलाई सुरक्षित स्थानमा राख्ने र भविष्यमा हुन सक्ने क्षति रोक्ने उपाय खोज्नु उत्तिकै आवश्यक छ।

### सडक र विद्युत् पूर्वाधारमा ठूलो क्षति

असोजको विपद्ले म्याग्दीमा सडक तथा ऊर्जा क्षेत्रमा ठूलो क्षति पुर्‍याएको छ। बेनी-जोमसोम-कोरला, बेनी-बागलुङ र बेनी-दरवाङ-मुना सडकका विभिन्न खण्ड क्षतिग्रस्त भएका छन्। राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर र बेनी-मुना-ढोरपाटन सडकमा क्षति पुगेपछि अस्थायी तथा वैकल्पिक मार्गबाट यातायात सञ्चालन गरिएको छ। तर यात्रा पहिलेको जस्तो सहज छैन।

कालीगण्डकी करिडोर मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माका अनुसार बाढीपहिरोले सडक संरचनामा ८० करोड रुपैयाँभन्दा बढीको क्षति पुर्‍याएको छ। क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न तीन अर्ब ५० करोडदेखि चार अर्ब रुपैयाँसम्म खर्च लाग्ने अनुमान छ। बेनी-घाँसा ३३ किलोमिटर सडक खण्डमा मात्रै नौ किलोमिटर सडक पूर्णरूपमा बगेको छ।

बाढीले कालीगण्डकी करिडोरअन्तर्गतको २२० केभी प्रसारण लाइनमा पनि क्षति पुर्‍याएको छ। दानादेखि कुश्मातर्फ तीनवटा हाइटेन्सन टावर जगसहित ढलेका छन् भने अर्को एउटा टावरमा क्षति पुगेको छ। यसका कारण मिस्त्रीखोला, नीलगिरि, घलेम्दी र थापाखोलालगायत जलविद्युत् आयोजनाबाट उत्पादित करिब १७५ मेगावाट विद्युत् २० दिनसम्म केन्द्रीय प्रसारण लाइनमा जोडिन सकेन। नेपाल विद्युत् प्राधिकरण पोखरा ग्रिड महाशाखाका प्रमुख तथा उपप्रबन्धक रोशन खड्काका अनुसार भिरकाटेमा आपत्कालीन टावर निर्माण र वैकल्पिक प्राविधिक उपाय अपनाएर २१ दिनपछि विद्युत् आपूर्ति पुनः सञ्चालन गरिएको थियो। स्थायी टावर निर्माण तथा मर्मतको काम पनि अघि बढाइएको उहाँले बताउनुभयो।

### सडक निर्माणको असर

म्याग्दीका सबै ४५ वडामा सडक सञ्जाल पुगेको छ। सडक पहुँच विस्तार हुनु सकारात्मक भए पनि निर्माण र स्तरोन्नतिका क्रममा वातावरणीय पक्षलाई पर्याप्त ध्यान नदिँदा जोखिम बढेको देखिन्छ। सडक फराकिलो बनाउने क्रममा भित्ता काट्ने र पहिरो पन्छाउने गरिन्छ। त्यसबाट निस्किएको माटो तथा ढुङ्गा सुरक्षित स्थानमा व्यवस्थापन नगरी खोल्सामा फाल्ने प्रवृत्ति छ। वर्षाको पानीसँगै त्यस्तो सामग्री सहायक खोलाबाट म्याग्दी, राहुघाट र कालीगण्डकी नदीमा मिसिन्छ। ग्रामीण सडकबाट बग्ने भलपानीको उचित निकास नहुँदा पनि पहिरो र कटानको जोखिम बढाएको छ।

### जलविद्युत् आयोजनाको माटो व्यवस्थापन

कालीगण्डकी र म्याग्दी नदी क्षेत्रमा निर्माणाधीन जलविद्युत् आयोजनाका सुरुङ खन्दा निस्कने ढुङ्गामाटो अर्थात् 'मकिङ' को उचित व्यवस्थापन नहुनु पनि चिन्ताको विषय बनेको छ। कालीगण्डकी नदीमा २४६ मेगावाटका दुईवटा र म्याग्दी नदीमा २०३.५ मेगावाट क्षमताका पाँचवटा जलविद्युत् आयोजना निर्माणाधीन छन्। आयोजना निर्माणका क्रममा निस्कने माटो र गेग्रान सुरक्षित स्थानमा व्यवस्थापन नगर्दा नदीको बहाव तथा तटीय क्षेत्र प्रभावित हुन सक्ने स्थानीयवासीको भनाइ छ।

धवलागिरि गाउँपालिका-७ धारापानीका गजबहादुर थापा (रत्न)ले जलविद्युत् आयोजनाबाट निस्किएको माटो र मकिङ जथाभावी थुपार्दा म्याग्दी नदीले धार परिवर्तन गरी आफ्नो १८ रोपनी जग्गा पहिरो र कटानको जोखिममा पारेको गुनासो गर्नुभयो। भारवाङका स्थानीयवासी थमन जुग्जालीले पनि आयोजना निर्माणका क्रममा वातावरणीय पक्षलाई बेवास्ता गरिएको बताउनुभयो।

उहाँका अनुसार नदी किनारमा माटो र मकिङ थुपार्ने तथा पानीसँगै बग्ने गरी छाड्ने प्रवृत्तिले नदीमा गेग्रानको मात्रा बढाउनुका साथै तटीय क्षेत्रमा कटानको जोखिम बढाएको छ। "सुरुङबाट निस्किएको माटो र मकिङलाई सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदनका सर्त पालना भएका छैनन्", उहाँले भन्नुभयो, "बारुद मिसिएको मकिङका कारण म्याग्दी नदीका माछालगायत जलचरसमेत जोखिममा परेका छन्।" आयोजना निर्माणका क्रममा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त पालना गराउनु र निर्माणजन्य सामग्रीको उचित व्यवस्थापन गर्नु आवश्यक देखिएको छ।

### जलवायु परिवर्तन

कालीगण्डकी नदीको बहाव परिवर्तन र तटीय क्षेत्रमा भएको क्षतिसँग नदीजन्य पदार्थको अनियन्त्रित उत्खननलाई पनि जोडेर हेरिएको छ। नदीभित्र डोजर प्रयोग गरी ढुङ्गा, गिट्टी र बालुवा निकाल्दा नदीको प्राकृतिक स्वरूप तथा किनारको स्थिरतामा असर पर्न सक्छ। कालीगण्डकी सभ्यता बचाउन अभियानका अभियन्ता आरके आदिप्त गिरी नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन रोक्नुपर्ने बताउनुहुन्छ।

नदीको धार परिवर्तन हुने गरी उत्खनन् गर्दा पूर्वाधारको जग कमजोर बन्ने र तटीय बस्तीमा कटानको जोखिम बढ्ने उहाँको भनाइ छ।

"विकास आयोजना निर्माण गर्दा निस्कने सामग्रीको व्यवस्थापनलाई पनि निर्माणकै अनिवार्य हिस्सा बनाउनुपर्छ", उहाँले भन्नुभयो, "नदीजन्य पदार्थ उत्खननसम्बन्धी मापदण्ड कडाइका साथ कार्यान्वयन गर्न आवश्यक छ।" पर्वतको जलजला गाउँपालिका-८ फर्सेमा पनि कालीगण्डकीको बाढीले ठूलो क्षति पुर्‍याएको छ। गाउँपालिकाका अनुसार त्यहाँ ७५ घर पूर्णरूपमा क्षति भएका छन् भने २७ घर जोखिममा छन्। बाढीबाट विस्थापित ७५ परिवारका महिला, पुरुष र बालबालिकासहित ठूलो जनसङ्ख्या प्रभावित भएको छ। फर्से टोल विकास संस्थाका अध्यक्ष रामु सुवेदी नदी दोहनका कारण बाढी बस्तीमा पसेको बताउनुहुन्छ।

**मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं**



- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं।

नेपाल सरकार,
विज्ञापन वोर्ड

# नेप्से परिसूचक ३३ दशमलव २९ अंकले बढ्यो

काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३३ दशमलव २९ अङ्कले बढेर दुई हजार ६६४ दशमलव ०६ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ३२ अङ्कले बढेर ४८१ दशमलव ७९ मा पुगेको छ।

त्यस्तै फ्लोट सूचक दुई दशमलव ६२ अङ्कले बढेर १८४ दशमलव ७३ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव ३९ अङ्कले बढेर १६३ दशमलव ०९ मा पुगेको छ।

विभिन्न कम्पनीका बुधबार एक करोड ९३ लाख ९७ हजार ५४८ कित्ता शेयर रु सात अर्ब ४५ करोड ८६ लाख ७७ हजार ३६८ मूल्यमा खरिद बिक्री भएको छन्। तेह्र उपसमूहमध्ये १२ उपसमूह बढ्यो भने एक उपसमूह घटेको छ। बुधबार २४१ कम्पनीको शेयर बढ्यो भने ३५ कम्पनीको शेयर घट्यो। त्यसैगरी तीन कम्पनीको शेयर स्थिर रह्यो। नेप्सेका अनुसार बेनी हाइड्रोपावर, बुटबल पावर कम्पनी, सुपर खुदी हाइड्रोपावरलगायतका लगानीकर्ताले कमाएका छन्। त्यसैगरी प्राइम डिबेञ्चर, गरिमा समृद्धि योजना, सिर्जनशील लघुवित्त वित्तीय संस्था लगायतका लगानीकर्ताले गुमाएका छन्।

## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि ३५ दिने सूचना

सुचना प्रकाशन मिति : २०८३/०७/१२

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्टू बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : गजुरी शाखा, धादिङ्ग।**

**१. ग्राहकको नाम : लक्ष्मी कृषि तथा पोल्ट्री फर्म**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | सावां रकम | मिति २०८३ असोज सम्मको ब्याज र अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी कृषि तथा पोल्ट्री फर्म ( प्रो.लक्ष्मी दर्लामी मगर) ग्राहक नं.१६०२४२८ | सिध्दलेक गा.पा.वार्ड नं.-६, धादिङ्ग (साविक :कुम्पुर गा.वि.स. वार्ड नं.-४ दोभानटार, धादिङ्ग | सरल कृषि कर्जा | १८,९४,७३६।८४ | ६९,४९३।१३ | १९,६४,२२९।९७ |

| फर्मको दर्ता नं. | दर्ता भएको कार्यालय | दर्ता मिति | पान नं. | पान जारी मिति |
|---|---|---|---|---|
| ३३३ | सिध्दलेक गा.पा. कार्यालय, धादिङ्ग | २०७६।१०।२० | ६१२९७०१११ | २०७६।१०।२० |

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | पति |
|---|---|---|---|---|---|
| लक्ष्मी दर्लामी मगर | सिध्दलेक गा.पा.वार्ड नं.-६, धादिङ्ग | ८८७५ | धादिङ्ग,२०६३।०४।०४ | सुकुमान तामाङ्ग | डिल बहादुर दर्लामी मगर |

**२. ग्राहकको नाम : कृष्ण प्रसाद खनाल**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | सावां रकम | मिति २०८३ असोज सम्मको ब्याज र अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | कृष्ण प्रसाद खनाल (ग्राहक नं.१०४८०९४ ) | गजुरी गा.पा.वार्ड नं.-८ (साविकः किरानचोक गा.वि.स. वार्ड नं.-१,धादिङ्ग | सरल कृषि कर्जा | ३,००,०००।०० | २३,०३०।६२ | ३,२३,०३०।६२ |

ऋणी/ धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | पति/बाजे |
|---|---|---|---|---|---|
| कृष्ण प्रसाद खनाल | किरानचोक गा.वि.स. वार्ड नं.-१, धादिङ्ग | ३ | धादिङ्ग, २०४४।११।३० | चुडामणी खनाल | गोपीलाल |

**३. ग्राहकको नाम : विकास भट्टराई**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | सावां रकम | मिति २०८३ असोज सम्मको ब्याज र अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | विकास भट्टराई ( ग्राहक नं.१२०७३०१ ) | बेनिघाट रोरांग गा.पा.वार्ड नं.-९ (साविकः जोगिमारा गा.वि.स. वार्ड नं.-९, धादिङ्ग | ओभरड्राफ्ट कर्जा | ९,००,०००।०० | ४१,७३२।७५ | ९,४१,७३२।७५ |

ऋणी/ धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | पति/बाजे |
|---|---|---|---|---|---|
| विकास भट्टराई | जोगिमारा गा.वि.स. वार्ड नं.-९, धादिङ्ग | २६/२६१६९ | धादिङ्ग, २०५५।०४।१८ | अक्कल बहादुर भट्टराई | ईन्द्र बहादुर भट्टराई |
| अकल बहादुर भट्टराई | जोगिमारा गा.वि.स. वार्ड नं.-९, धादिङ्ग | २६ बा.धा.६६३-४२/४३ | धादिङ्ग, २०४२।०८।०५ | ईन्द्र बहादुर | बल बहादुर |

कृषि विकास बैंक लि.
बाग्मती प्रदेश कार्यालय बिरेन्द्रनगर,
चितवन

# धानखेत बगरमा परिणत

रसुवा। उत्तरगया गाउँपालिका वडा नं ४ र ५ को मुख्य धानखेत बगरमा परिणत भएको छ। गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनासकारी बाढीका कारण उक्त वडाको सम्पूर्ण खेतीयोग्य जमिन बगरमा रुपान्तरण भएको हो।

त्रिशूली नदी किनारमा रहेका उपल्लो पैरेबैँसी, तल्लो पैरेबैँसी, खाल्टे, नौबिसे, कैदलेटार र बेत्रावतीलगायतका अति उर्वर खेतीयोग्य फाँटहरू बाढीसँगै आएको बालुवा र ढुङ्गाले ढाकिएका छन्।

वर्षभरि खाने धान पाक्ने बेला हुन लागेका फाँटहरू एकाएक बगर बनेपछि स्थानीय बासिन्दाको खाद्य सुरक्षा र जीविकोपार्जनमा गम्भीर सङ्कट उत्पन्न भएको छ।

उत्तरगया गाउँपालिकाका अध्यक्ष माधव अर्यालका अनुसार बाढीले गाउँपालिकाभित्रका ठूलो परिमाणको खेतीयोग्य जमिनमा क्षति पुर्याएको छ। अध्यक्ष अर्यालले भन्नुभयो, "भोटेकोशी नदीमा आएको आकस्मिक बाढीले गाउँ पालिकाका मुख्य धान उत्पादन हुने फाँट बाढीले पुरिदियो।" वर्षभरि खाने अन्न फल्ने जमिन बगर बनेपछि किसानहरू ठूलो सङ्कटमा परेका छन्। गाउँपालिकाले क्षतिको पूर्ण विवरण सङ्कलन गरिरहेको छ। पालिकाले पीडित किसानलाई तत्काल राहत प्रदान गर्न र उचित क्षतिपूर्तिको व्यवस्थाका लागि प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिरहेको छ।

# बागमती प्रदेशमा दुर्घटना घट्यो

चितवन। बागमती प्रदेशका १० जिल्लामा विजयादशमीका समयमा सवारी दुर्घटना घटेको छ। गत वर्षको विजयादशमीको तुलनामा यस वर्ष दुर्घटना कमी आएको हो।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका प्रहरी नायब उपरीक्षक गङ्गाबहादुर सारुका अनुसार यस वर्ष विजयादशमी अर्थात् असोज २५ गतेदेखि कात्तिक ८ गतेसम्म १२५ वटा दुर्घटना भएका छन्। ती दुर्घटनामा परी १५ जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो। विसं २०८२ को दसैँमा बागमती प्रदेशका १० जिल्लामा सोही समयमा १३५ वटा दुर्घटना भएका थिए। ती दुर्घटनामा परी पाँच जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार सो वर्ष भएका दुर्घटनामा परी ३३२ जना घाइते भएका थिए। यस वर्षमा भएको दुर्घटनामा परी २९३ जना घाइते भएका छन्।

यस वर्ष चाडपर्वको समयमा सिन्धुलीमा सुमो दुर्घटना हुँदा ठूलो क्षति भएको उहाँले जानकारी दिनुभयो। सो दुर्घटनामा परेका तीन जना अझै बेपत्ता छन्। यस वर्षको दसैँमा काभ्रेपलान्चोकमा बढी दुर्घटना भएको उहाँले बताउनुभयो। सारुका अनुसार यस वर्षको दसैँको समयमा ९८ वटा दुर्घटना मोटरसाइकलका कारण भएको छ।

# बगरमा बदलिएको पाल्पाको 'रानीमहल' क्षेत्र

पाल्पा। पाल्पाको ऐतिहासिक रानीमहल कुनै समय प्रेमको प्रतीक बनेर पर्यटकलाई आकर्षित गर्थ्यो। महल उत्तरवाहिनी कालीगण्डकी नदीको तटमा रहेको छ। महलको सुन्दरता नियाल्न, तस्बिर खिच्न र नदीको किनारमा रमाउन पुग्नेको चहलपहलले आसपासको क्षेत्र गुल्जार हुन्थ्यो। तर, गत असोज ११ गतेको अविरल वर्षापछि आएको बाढी र डुबानले यहाँको दृश्य फेरिदिएको छ।

विगतमा मानिसको आवतजावत र व्यापारिक गतिविधिले भरिने क्षेत्र अहिले बालुवा, गिट्टी र ढुङ्गाले पुरिएको छ। रानीमहलको आँगनमा बाढीको चोट देखिन्छ भने आसपासका स्थानीयका सपना बगरमा छरिएका छन्।

प्रेमको प्रतीकका रूपमा परिचित रानीमहलको सुन्दरता नियाल्न आउने पर्यटकको चहल-पहलले जीविकोपार्जनको आधार बनाएका स्थानीय व्यवसायी अहिले आफ्नै व्यवसाय पुनः सञ्चालन गर्ने चिन्तामा छन्।

उक्त बाढीले व्यवसाय सञ्चालन गर्ने संरचनादेखि सडक, पार्किङस्थल र आवागमनका पूर्वाधारसम्ममा क्षति पुऱ्याएको छ। रानीमहल आसपासका एक दर्जनभन्दा बढी व्यावसायिक प्रतिष्ठान प्रभावित भएका छन्। प्राकृतिक विपत्तिले व्यापार मात्रै प्रभावित गरेको छैन, वर्षौंदेखि जोडेको लगानी र भविष्यप्रतिको आशामाथि समेत चोट पुऱ्याएको छ। बाढीले व्यवसाय सञ्चालन गर्ने संरचना, सडक र पार्किङस्थल पुरिएपछि पर्यटकको आवागमन प्रभावित हुन पुग्दा व्यवसायमा प्रत्यक्ष असर पुगेको स्थानीय शङ्कर बस्यालले सो क्रममा उल्लेख गर्नुभएको थियो।

उहाँले भन्नुभयो, "ठूलो लगानी गरेर व्यवसाय सञ्चालन गरे पनि बाढीले तहसनहस बनाउँदा दुःख लागेको छ। हरेक वर्ष दसैँको बेला रानीमहल घुम्न आउने पर्यटकहरुको सङ्ख्या बढ्ने गरे पनि यस पटक भने रानीमहल क्षेत्र बगरमा परिणत हुँदा व्यवसाय सञ्चालन गर्नेहरु मर्कामा पर्नुपरेको छ।"

प्राकृतिक विपत्तिपछि तत्काल सरसफाइ, क्षतिग्रस्त संरचनाको व्यवस्थापन र प्रभावित क्षेत्रको पुनःस्थापनामा स्थानीय सरकारले ध्यान नदिएको उहाँको आरोप छ। बाढीले पुऱ्याएको क्षतिभन्दा पनि विपत्तिपछि आफ्नो पीडा बुझ्न र अवस्था अवलोकन गर्न जिम्मेवार निकायका प्रतिनिधि नआएको विषयले उहाँहरूलाई थप निराश बनाएको छ।

बस्यालले कर सङ्कलनमा सक्रिय हुने स्थानीय सरकारले पर्यटकीय सम्पदाको संरक्षण र



विपत्तिपछिको पुनःस्थापनामा पनि उत्तिकै जिम्मेवारी देखाउनुपर्ने बताउनुभयो।

रानीमहलको संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी पाएको तानसेन नगरपालिकाले भने आफ्नो कार्यक्षेत्रभित्र क्षति भएका संरचना हटाउने र व्यवस्थापन गर्ने काम गरेको दाबी गरेको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीले नगरपालिकाको क्षेत्राधिकार भित्र क्षति भएका संरचना तत्काल हटाइएको दाबी गर्नुभयो। उहाँका अनुसार रानीमहल दरबार परिसरमा अहिले त्यस्तो अस्तव्यस्त अवस्था छैन।

सो क्रममा बोल्नुहुँदै गिरीले रानीमहल आसपास अस्तव्यस्त देखिएका केही संरचना बगनासकाली गाउँपालिकाको क्षेत्रभित्र पर्ने भएकाले तिनको व्यवस्थापन सम्बन्धित गाउँ पालिकाले गर्नुपर्ने बताउनुभयो। यता, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले स्याङ्जाको कालीगण्डकी गाउँपालिकासँग समन्वय गरेर तत्काल बाटो खुलाउने काम गरिएको समेत बताउनुभयो। बाढीपछि निरन्तर वर्षा भइरहेको र त्यसलगत्तै दसैँ बिदा परेकाले व्यवस्थापनको काम तत्काल अघि बढाउन नसकिएको उहाँको भनाइ छ। अध्यक्ष चिदीले अबको एक-दुई दिनभित्रै डोजर पठाएर बाढीले पुरिएका सामग्री हटाउने र बगर सम्याउने काम गरिने बताउनुभयो। ऐतिहासिक दरबार 'रानीमहल'लाई नेपालको 'ताजमहल' पनि भनिन्छ।

जिल्लाको तानसेनदेखि करिब १३ किलोमिटर उत्तर कालीगण्डकी नदीको किनारमा अवस्थित छ।

तत्कालीन राणा पश्चिम कमाण्डर जनरल खड्ग शमशेरले विसं १९५४ मा रानीमहल निर्माण गर्नुभएको थियो। पत्नी तेजकुमारी देवीको मृत्युपछि उहाँकै सम्झनामा खड्ग शमशेरले रानीमहल निर्माण गर्नुभएको हो। रानीलाई बगैँचा सहितको महल निर्माण गर्ने बचन दिएका खड्ग शमशेरले भारतबाट इन्जिनियर झिकाइ पाँच वर्ष लगाएर रानीमहल निर्माण समेत गराउनुभएको थियो।

# गौंथलीलाई वेस्ट फरेन सिनेमा को अवार्ड

काठमाडौं। 'वर्ल्ड फिल्म फेस्टिभल इन क्यान्स' मा नेपाली कथानक चलचित्र 'गौंथली' ले 'वेस्ट फरेन सिनेमा' को अवार्ड जितेको छ। फ्रान्समा मासिक र वार्षिक रूपमा हुने यो अवार्डमा नेपाली चलचित्र 'गौंथली' ले सो अवार्ड जित्न सफल भएको हो। फ्रान्सको क्यान्समा आयोजना हुने यस फिल्म फेस्टिभललाई 'वर्ल्ड फिल्म फेस्टिभल इन क्यान्स' रिभेम्बर द फ्युचर पनि भन्ने गरिन्छ। अवार्ड प्राप्त गरेपछि 'गौंथली' का निर्देशक डा कपिल रिजालले 'गौंथली' केवल एउटा चलचित्र मात्र नभएको बताउनुभयो। पच्चीस वर्षअघि आफ्ना बुवा डा भोला रिजालले निर्माण गर्नुभएको गीति चलचित्र 'गौंथली'को भाव, माया र विरासत लाई आत्मसात् गर्ने एउटा सानो प्रयास मात्र गरेको भनाइ छ।

# Netrawati Dabjong Rural Municipality

## Office of the Rural Municipal Executive

Semjong, Dhading

Bagmati Province, Nepal

### Invitation For Sealed Quotation

Sealed Quotation No: NDRM/HEALTH/01/083/084

Date of first Publication: 2083-07-12

1.The Netrawati Rural Municipality invites sealed quotations from registered Suppliers for the supply and delivery of medicines for basic and emergency health services.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Netrawati Rural Municipality, Office of Rural Municipal Executive, Semjong, Dhading.

3.A complete set of Bidding Documents can be purchased from Netrawati Rural Municipality, Semjong, Dhading by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2083-07-18 during office hours in the following account:

1. Name of the Bank: Rastriya Banijya Bank
2. Name of Office : Netrawati Dabjong Rural Municipality
3. Rajaswa (revenue)Account no. for bid documentee fee : 5170100301010002 (GA-1-1)
4. Security deposit (Dharauti) Account no. for Bid Security: 5170100303010002 (GA-3-1)
5. Office Code no.: 1125526

4. Sealed bids must be submitted to the office of Netrawati Rural Municipality, Semjong, Dhading by hand on or before 12:00 Hrs on 2083-07-19. Bids received after this deadline will be rejected.

5.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2083-07-19 at the office of Netrawati Rural Municipality, Semjong, Dhading. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 96,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.

6.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

7.The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.No. | Contract Identification No. | Description of Goods | Estimated Amount (without VAT) in Nrs. | Bid Security Amount in Nrs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | NDRM/HEALTH/01/083/084 | Procurement of medicines for basic and emergency health services | 30,98,375.50 | 96,000/- | |

**Chief Administrative officer**

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

(सुचना प्रकाशन मिति २०८३/०७/१२)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : गजुरी शाखा, धादिङ्ग।**

| क्र. स. | कर्जा ग्राहकको नाम | मिसिल नं./ग्राहक नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | ग्राहकको बाजे/ससुराको नाम | उदेश्य | सावां रकम | मिति २०८३ असोज मसान्त सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिनुपर्ने रकम | मंजुरीनामा दिने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कमल बस्नेत | ५४५६५१२/६०६३ | बेनिघाट रोरांग गा.पा.-७, धादिङ्ग | हरि बहादुर | तेज बहादुर | सवारी कर्जा | २८,३१,१११.१४ | ७४,६३१.९० | २९,०५,७४३.०४ | | |
| २. | डण्ड प्रसाद सुबेदी | ५६८५८०/५५३९ | थाक्रे गा.पा.-२, धादिङ्ग | रामनाथ | चिन्तामणी | सरल कृषि कर्जा | १०,००,०००.०० | १८,५५६.६४ | १०,१८,५५६.६४ | | |
| ३. | नारायण बहादुर खड्का | १५८८००५/६२१८ | भुमेस्थान-९, धादिङ्ग | क्षेत्र बहादुर | जगत बहादुर | सरल कृषि कर्जा | ४,००,०००.०० | १०,५१५.६० | ४,१०,५१५.६० | | |
| ४. | रेवती प्रसाद अधिकारी | ११०८५२७/५८८१ | गजुरी गा.पा.-६, धादिङ्ग | सोम प्रसाद | मायानाथ | सरल कृषि कर्जा | ६,००,०००.०० | १५,५४५.२७ | ६,१५,५४५.२७ | | |
| ५. | रुपा कुखुरा पालन फर्म (प्रो. नारायण सिंह ठकुरी ) | १०९१६०३/५८६१ | बेनिघाट रोरांग गा.पा.-९, धादिङ्ग | भु बहादुर सिंह ठकुरी | बल बहादुर | सरल कृषि कर्जा | ५,००,०००.०० | १४,४०४.९७ | ५,१४,४०४.९७ | भु बहादुर सिंह ठकुरी | |

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन

# स्थानीय तहको निर्वाचनलाई गैरदलीय बनाउन उज्यालो नेपालको ध्यानाकर्षण

काठमाडौं। उज्यालो नेपाल पार्टीले आगामी स्थानीय तहको निर्वाचन गैरदलीय प्रणालीबाट सम्पन्न गर्न तथा विदेशमा रहेका नेपाली नागरिकलाई आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहको निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था सुनिश्चित गर्न माग गर्दै निर्वाचन आयोगमा ज्ञापनपत्र बुझाएको छ।

सो अवसरमा पार्टीका अध्यक्ष कुलमान घिसिङले प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीसमक्ष बहादुर भवनस्थित आयोगको कार्यालयमा ज्ञापनपत्र बुझाएका हो।

ज्ञापनपत्रमा स्थानीय तहको निर्वाचनलाई दलीय स्वार्थ र राजनीतिक शक्ति प्रदर्शनबाट मुक्त गर्दै नागरिकको प्रत्यक्ष सेवा, सुशासन र विकासमा केन्द्रित बनाउन गैरदलीय निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने माग गरिएको छ। स्थानीय तहको नेतृत्व चयन गर्दा दलगत प्रभावभन्दा उम्मेदवारको योग्यता, इमानदारी, कार्यक्षमता, कार्ययोजना र नागरिकप्रतिको जवाफदेहितालाई प्राथमिकता दिनुपर्ने सो पार्टीको धारणा रहेको छ।

ज्ञापनपत्रमा गैरदलीय स्थानीय निर्वाचनको विषय सार्वजनिक बहस र राजनीतिक प्रतिबद्धताको रूपमा अघि आइ सकेको सन्दर्भ उल्लेख गर्दै त्यसलाई नीतिगत निर्णय र कार्यान्वयनको प्रक्रियामा लैजानु पर्नेमा जोड दिइएको छ।

# नेपालले राख्यो एसिया प्यासिफिक क्षेत्रीय अन्तरिक्ष सहकार्यको प्रस्ताव

काठमाडौं। नेपालले जलवायु विपद् पूर्वतयारीका लागि 'एसिया तथा प्रशान्त क्षेत्रमा दिगो विकासका लागि अन्तरिक्ष अनुप्रयोगसम्बन्धी पाँचौं मन्त्रीस्तरीय सम्मेलन' मा तीनवटा प्रस्ताव राखेको छ।

बैंककमा संयुक्त राष्ट्रसङ्घीय एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक र सामाजिक आयोगद्वारा बुधबार आयोजित सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दै सहभागी भएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले जलवायु जोखिम निगरानी र पूर्वसूचना प्रणाली लागि नेपालका तर्फबाट एसिया प्यासिफिक क्षेत्रीय अन्तरिक्ष सहकार्यको प्रस्ताव गर्नुभएको हो।

सम्मेलनको 'उत्थानशील र समावेशी भविष्यका लागि सुदृढ क्षेत्रीय सहकार्यमार्फत अन्तरिक्ष प्रविधिको उपयोग' सत्रलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले जलवायु परिवर्तनका कारण निम्तिने जटिल विपद्को सामना गर्न अन्तरिक्ष प्रविधिको प्रयोग र क्षेत्रीय सहकार्यलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो। मन्त्री श्रेष्ठले क्षेत्रीय सहकार्यका लागि अन्तरिक्ष प्रविधि बाट हिमाली जोखिमको निरन्तर निगरानी, तथ्याङ्को व्यावहारिक प्रयोग र समान र समतामूलक पहुँच हुनुपर्ने प्रस्ताव राख्नुभएको हो।

उहाँका अनुसार पहिलो, उच्च-हिमाली जोखिमहरूलाई क्षेत्रीय अन्तरिक्ष सहकार्यको निरन्तर प्राथमिकताका रूपमा स्थापित गर्ने प्रस्ताव छ। "हामी क्षेत्रीय निगरानी र पूर्वचेतावनी प्रबन्धको अभिन्न अङ्गका रूपमा कमजोर पहाडी ढलान र हिमतालहरूको व्यवस्थित भूउपग्रह निगरानीलाई प्रोत्साहन गर्छौं", उहाँले भन्नुभयो। दोस्रो, समयमै कदम चाल्नका लागि तथ्याङ्कलाई व्यावहारिक मार्गदर्शनमा रूपान्तरण गर्ने प्रस्ताव छ। "भूउपग्रह तस्बिरहरूको पहुँचका साथसाथै, समयको प्रत्येक मिनेट महत्वपूर्ण हुने अवस्थामा सही निर्णय लिन देशहरूलाई प्रयोग गर्न सकिने सूचना, साझा विश्ले-षणात्मक उपकरण र प्रशिक्षित जनशक्तिको आवश्यकता पर्दछ," मन्त्री श्रेष्ठले भन्नुभयो। तेस्रो, अन्तरिक्षमा आधारित सूचना र सेवाहरूमा समतामूलक र पहुँचयोग्य पहुँच सुनिश्चित गर्ने प्रस्ताव छ। 'विशेष गरी मानव जीवन जोखिममा परेको बेला, आफ्नै भूउपग्रह सञ्चालन गरे/नगरेको वास्ता नगरी सबै देशहरूले यी क्षमताहरूबाट लाभ उठाउन पाउनुपर्छ," उहाँले भन्नुभयो।

मन्त्री श्रेष्ठले अन्तरिक्षमा आधारित सूचनालाई व्यावहारिक निर्णय र जनताले प्रयोग गर्न सक्ने सेवामा रूपान्तरण गर्नुपर्ने समेत बताउनुभयो। "भूउपग्रहले हिमालको खतरा पत्ता लगाउन सक्छ, तर तल्लो तटीय क्षेत्रका सर्वसाधारणसम्म पुग्ने सही समयको चेतावनीले मात्रै मानिसको ज्यान बचाउन सक्छ," मन्त्री श्रेष्ठले भन्नुभयो। उहाँले हिन्दुकुश हिमालय क्षेत्रका दुई अर्ब मानिसको जीवन रक्षाका लागि साझा दायित्व निभाउँदै सन् २०३० सम्मको एसिया-प्रशान्त कार्ययोजना सफल बनाउन नेपाल संयुक्त परियोजना र क्षेत्रीय सहकार्यका लागि तयार रहेको स्पष्ट पार्नुभयो।

नेपालले के गर्दैछ ?

सम्मेलनमा मन्त्री श्रेष्ठले नेपालमा हाले आएका विपद्हरूको प्रसङ्ग उल्लेख गर्दै मन्त्री श्रेष्ठले स्थानीय स्तरबाट हुने नवप्रवर्तन र प्रविधिको सफल प्रयोगबारे जानकारी गराउनुभयो। "गत अगस्ट र अक्टोबरमा नेपालले करिब ९ लाखभन्दा बढी नागरिकका मोबाइल मा एसएमएसमार्फत पूर्वचेतावनी सन्देश पठाएर सुरक्षित स्थानमा सार्न सफल भएको थियो," उहाँले भन्नुभयो, "सडक नपुगेका दुर्गम क्षेत्रमा हेलिकप्टरबाट ड्रोन पाइलट हरू खटाएर भूउपग्रह (स्याटेलाइट) तस्बिरको सहयोगमा क्षति मूल्याङ्कन गरिएको थियो।" मन्त्री श्रेष्ठले नेपालले नदीहरूको बाढी पूर्वानुमान क्षमता बढाएको जानकारी दिँदै अब जोखिम क्षेत्रका प्रत्येक फोनमा एकैपटक पूर्वचेतावनी पुर्याउने 'सेल ब्रोडकास्टिङ' प्रविधि सुरु गर्न लागिएको बताउनुभयो। पहाडी ढलान र हिमतालहरूको जोखिमबारे उहाँले भन्नुभयो, ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com